१६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १०८ ॥ २०८१ जेठ १५ गते मंगलबार (28th May 2024 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

## ओलीको गृहजिल्लामा एमाले अधिवेशन रोचक

# सभामुखका भाइ र मुख्यमन्त्रीका ज्वाइँ पराजित




• **विष्णु सुब्बा**

दमक । नेकपा (एमाले)का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको गृहजिल्ला झापाका पालिकाहरुमा पार्टीको नेतृत्व चयनका लागि यतिबेला धमाधम अधिवेशन चलिरहेको छ ।

अध्यक्ष ओलीको निर्वाचन क्षेत्र झापा ५ अन्तर्गतका मुख्य पालिकाहरुमा अधिवेशन सम्पन्न भई नयाँ नेतृत्व चयन भएको छ। २०७९ को स्थानीय तह निर्वाचनमा एमालेको पकड क्षेत्र मानिने यो क्षेत्र अन्तर्गतका पालिकाहरुमा नेतृत्व गुमाएको एमालेको यसपटकको अधिवेशनलाई पार्टीको आन्तरिक जीवन र बाहिरी समुदायले समेत निकै महत्व र चासोका साथ हेरिरहेका छन् ।

अध्यक्ष ओलीको नगर भने चिनिएको दमक नगरको यसपटकको अधिवेशनमा चौपक्षीय प्रतिस्पर्धा निकै रोचक बन्यो ।

पार्टी अध्यक्ष ओली आफैंले १० जेठमा उद्घाटन गरेको यो अधिवेशनमा शुभकामना दिने क्रममा अध्यक्ष ओलीले स्थानीय तहको निर्वाचन परिणामप्रति निकै गम्भीर अभिव्यक्ति दिएका थिए । उनको मन्तव्यको आशय पार्टीका आन्तरिक एकता कमजोर हुँदा स्थानीय सरकारको नेतृत्व गुमाउनु परेको भन्ने थियो । त्यसैलाई आधार मानेर अबको नेतृत्व सर्वसम्मत चयन गर्न कार्यकर्तालाई आन्तरिक निर्देशन गरेका ओलीको निर्देशन अन्ततः टिकेन । ओलीले योसँगै नेतृत्व चयनमा ढिलाई नगर्न भन्दै दिएको निर्देशनको भने प्रतिनिधिहरुले पालना गर्दै ११ जेठमै मतदानको प्रकृयामा जान सहमत देखिए ।

अधिवेशनमा चार खेमा देखियो । अझ रोचक कुरा त अध्यक्ष ओलीको चाहना अनुसार दमक नगर कमिटीको अध्यक्ष सभामुखसमेत रहेका देवराज घिमिरेका भाइ युवराज घिमिरेलाई बनाउनु पर्ने थियो ।

तर अधिवेशनमा सहभागी प्रतिनिधिहरुले भने घिमिरेलाई चार प्रतिस्पर्धीमध्ये तेस्रो स्थानमा सीमित गरिदिए । निर्वाचनमा खसेको कूल ३५८ मतमध्ये निर्वाचनमा घिमिरेले मात्र ७५ मत प्राप्त गरे ।

अध्यक्षमा युवा नेता रामप्रसाद पौडेल १६४ मत ल्याएर निर्वाचित हुँदै गर्दा अर्का प्रत्यासी कोशी प्रदेशका मुख्यमन्त्रीसमेत रहेका एमाले स्थायी कमिटी सदस्य हिक्मत कार्कीका बहिनी ज्वाइँ भगवान बस्नेतले मात्र ७७ मत ल्याएर सभामुख घिमिरेका भाई घिमिरेलाई तेस्रो स्थानमा सीमित गरिदिए। अर्का प्रतिस्पर्धी सन्तोष दुलालले भने २५ मत ल्याएर चौथो अर्थात अन्तिम स्थानमा बस्नु पर्यो ।

निर्वाचित पदाधिकारीतर्फ उपाध्यक्षमा उर्मिला ओली, सचिवमा गिरेन्द्र चम्लागाई, उपसचिवद्वयमा झसराज ढकाल र सीता कार्की निर्वाचित भए् ।

युवा संघ दमकका पूर्व अध्यक्ष तथा युवा फाँट इन्चार्जसमेत रहेका पौडेलले पार्टीको उपल्लो तहका ठुला नेताहरुको समर्थनबिनै धेरै कार्यकर्ताको मन र मत दुवै जितेपछि अहिले एमालेको दमकमा मात्रै जिल्ला र जिल्ला बाहिर समेत निकै ठुलो चर्चा परिचर्चा भइरहेको छ ।

यसपटकको नगर अधिवेशनमा केही जनप्रतिनिधिहरु पनि कार्यकर्ताहरुबाट अनुमोदित हुन सकेनन् । उपाध्यक्षमा निवर्तमान उपाध्यक्षसमेत रहेका दमक ८ का वडाध्यक्ष धर्मप्रसाद दाहाल (दिपेश) र सहसचिवमा उम्मेदवारी दिएका युवा संघका निवर्तमान नगर अध्यक्ष डेन्जोङ लामा पनि अधिवेशनमा पराजित हुन पुगे ।

**शिवसताक्षीमा दंगाल र गौरादहमा घिमिरे**

एमाले शिवसताक्षीको नगर अध्यक्षमा मेदनी दंगाल निर्वाचित भए ।

पार्टीको दोस्रो नगर अधिवेशनबाट दंगाल २५४ मतसहित अध्यक्षमा निर्वाचित भएका हुन् । त्यस्तै उपाध्यक्षमा बिष्णुप्रसाद प्रसाई १९५ ,सचिव लक्ष्मी गुरागाँई २४१ ,उपसचिवमा सागर राई २१० र महिला उप-सचिवमा कल्पना चम्लागाँई(कोपिला) निर्विरोध निर्वाचित भएको जनाइएको छ ।

उता गौरादह जहाँ मुख्यमन्त्री कार्कीको निर्वाचन क्षेत्र पनि पर्छ । यो नगरमा भने अन्य दुई प्रतिस्पर्धीलाई पछि पार्दै कार्कीको समर्थन पाएका गजेन्द्र घिमिरे नगर अध्यक्षमा निर्वाचित भएका छन् । नेता अग्नी खरेलको समर्थन पाएका खड्ग पराजुली र अर्का गुटरहित नेता युवा संघका पूर्व केन्द्रीय सदस्य दुर्गा गौतमलाई पराजित गर्दै घिमिरे अध्यक्षमा निर्वाचित भएका हुन् । ओलीको क्षेत्रमै पर्ने कमल गाउँपालिकामा पनि एमालेको नेतृत्व चयन गर्न मतदानको प्रकृया अपनाइएको छ । कमल गाउँ कमिटीको अध्यक्षमा हरि ढकाल सर्वसम्मत अध्यक्ष बनेपनि अन्य पदाधिकारीहरुतर्फ मतदानको

❖ बाँकी अन्तिम पृष्ठमा

## लामिछानेलाई पदमुक्त गर्न माग गर्दै सर्वोच्चमा रिट



झापा(प्रस) । सहकारीको रकम हिनामिना र अपचलनमा जोडिएका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई पदबाट हटाउन माग गर्दै सर्वोच्च अदालतमा रिट दर्ता भएको छ । अनुपम भट्टराईले लामिछानेविरुद्द रिट निवेदन दर्ता गराएका हुन् ।

उक्त रिटको जेठ १६ गते पेशी तोकिएको छ । निवेदकले सहकारी ठगी प्रकरणमा जोडिएका लामिछानेलाई पदबाट निलम्बन गर्न र उनीविरुद्ध कुनै मुद्दा छैन भन्ने महान्यायाधिवक्ता कार्यालयको पत्र खारेजीको माग गरेका छन् ।

पदमा बहाल रहँदा सहकारी ठगी छानबिनको अनुसन्धानलाई प्रभावित पार्ने भएकाले पदबाट हटाउनुपर्ने निवेदकको माग छ । यसअघि उक्त रिट दरपिठ भएको थियो । बदर माग गरेर इजलासमा निवेदन दिएपछि अदालतले दर्ता गर्न आदेश दिएको हो ।

## मलामी ट्र्याक्टर दुर्घटनामा एक जनाको मृत्यु , १८ घाइते

झापा(प्रस) । धनकुटाको छथर जोरपाटी गाउँपालिका-४ पाथीभरामा सोमवार अपरान्ह करिब ५ बजे मलामी बोकेको ट्र्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

१८ जना घाइते भएका छन् । घाइतेमध्ये चारको अवस्था गम्भीर रहेको छ । मृत्यु हुनेमा छथर जोरपाटी-५ ताम्लिङका ४५ वर्षीय बीरबहादुर खनाल रहेको प्रहरीले जनाएको छ । उनको घटनास्थलमै मृत्यु भएको बताइएको छ ।

बाँधबिसौनाबाट स्थानीय डेगबहादुर अधिकारीको शव बोकेर दाहसंस्कारका लागि तमोर नदीको त्रिवेणी जानेक्रममा को १ त ९७३७ नंबरको ट्र्याक्टर दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक होम अधिकारीले जानकारी दिए । ट्र्याक्टर सडकबाट करिब एक सय मीटर तल खसेको जनाइएको छ । तीन वटा ट्र्याक्टरमा मलामी सवारमध्ये एउटा ट्र्याक्टर दुर्घटनामा परेको थियो ।

दुर्घटनामा समीर लिम्बु, नगेन्द्र थापा, अर्जुन थापा, थर्कबहादुर अधिकारी, ध्रुबबहादुर अधिकारी, रेगिन्द्र अधिकारी, भीमबहादुर काफ्लेलगायत १८ जना मलामी घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख सुरेन्द्र खड्काले बताए ।

घाइते अधिकांशको धनकुटा जिल्ला अस्पतालमा उपचार भइरहेको छ । जसमध्ये चार जनालाई धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा थप उपचारका लागि पठाइएको छ ।

## प्रेस चौतारीले लगायो महासंघको कार्यालयमा ताला



झापा(प्रस) । प्रेस चौतारी झापाले नेपाल पत्रकार महासंघ झापा शाखाको कार्यालयमा तालाबन्दी गरेको छ । सदस्यता शुद्धीकरणका नाममा विभिन्न माध्यममार्फत सार्वजनिक भएको नामावलीप्रति असन्तुष्टि जनाउँदै चौतारीले तालाबन्दी गरेको हो ।

महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखेल र महासचिव रोशन पुरीको हस्ताक्षरमा आइतबार राति १ सय ९८ जना सदस्यको नाम सार्वजनिक भएको थियो । सदस्यता सूची आफैँमा शुद्धीकरणको पूर्वनिर्धारित विधि र मापदण्डविपरीत रहेकोले तालाबन्दी गर्न बाध्य भएको प्रेस चौतारी झापाका अध्यक्ष मनकुमार गदालले बताए ।

चौतारीले जारी गरेको प्रेस विज्ञप्तिमा आस्था राखेकै कारण पत्रकारितामा सक्रिय, झापाली पत्रकारितामा नेतृत्वदायी भूमिका निर्वाह गरेका, पत्रकारिताको मूल प्रवाहमा आफ्नो सीप र मेहनत खर्चिएका पत्रकारको सदस्यता छानी छानी खोस्ने नियतले सार्वजनिक गरिएकोले घोर आपत्ति रहेको उल्लेख गरिएको छ ।

शुद्धीकरणमा समान विधि र प्रक्रिया अवलम्बन गर्नुपर्नेमा त्यसलाई पनि नजरअन्दाज गरी मापदण्डको आधारभूत मान्यता समेत उल्लंघन हुने गरी सार्वजनिक भएको नामावली अविलम्ब सच्याउन चौतारीले माग गरेको छ। प्रेस चौतारीले आन्दोलनप्रति ऐक्यबद्धता जनाउन पत्रकारका सबै संघ संगठनलाई सार्वजनिक रुपमा अपिलसमेत गरेको छ ।

## शिवसताक्षीमा पिकअपको ठक्करबाट पैदलयात्रीको मृत्यु





झापा(प्रस) । झापाको शिवसताक्षीमा पिकअपको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । आइतवार राति अन्दाजी ८:३० बजेको समयमा शिवसताक्षी ९ मिलन चौकस्थित पूर्वपश्चिम राजमार्गमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्र३-०१-०२७च ११२१ नं को पिकअप गाडीले पैदलयात्री शिवसताक्षी नगरपालिका ९ बस्ने बर्ष ६०-६२ का पुत्रथाम राईलाई ठक्कर दिएको थियो । टाउको तथा शरीरको बिभिन्न भागमा चोट लागेर घाइते भएका राईलाई इलाका प्रहरी कार्यालय झिलझिलेको मोबाइल गाडीद्वारा उद्दार गरी उपचारार्थ बी.एण्ड.सी. हस्पिटल बिर्तामोड ल्याइएकोमा राति ९:२५ बजे उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

ठक्कर दिने सवारी तथा चालक शिवसताक्षी ९ बस्ने २८ वर्षीय अंकित चौधरी प्रहरी नियन्त्रणमा रहेको र सो सम्बन्धमा थप अनुसन्धान कार्य जारी रहेको झापा प्रहरीका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

# एनएमसीले बुझायो ज्ञापनपत्र

दमक(प्रस) । पछिल्लो समय सहकारी क्षेत्रमा गरिँदै आएको आक्रमणविरुद्ध देशकै अग्रणी सहकारी संस्थाको रुपमा परिचित नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (एनएमसी) ले प्रहरीसमक्ष ज्ञापनपत्र बुझाएको छ । राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपालको नाममा केही व्यक्तिहरु उदण्ड बन्दै ऋणी सदस्यलाई ऋण तिर्नु पर्दैन भन्दै उकास्ने, संस्थाका पदाधिकारी एवम् कर्मचारीहरुलाई धम्क्याउनेजस्ता क्रियाकलाप गरेको पाइएकोले सोका विरुद्ध एनएमसीले सोमवार इलाका प्रहरी कार्यालय दमकमा ज्ञापनपत्र बुझाएको हो ।



जेठ ६ गते आइतबार संस्थाका सदस्यसमेत रहेका कमल गाउँपालिका वडा नं. ५ निवासी भक्तिराम ताजपुरिया समेतको संलग्नतामा अभियानको नाममा एनएमसीको दमक सेवाकेन्द्रमा उपस्थित भई धम्क्याउने र वातावरण उत्तेजित बनाउनेजस्ता कार्य गरेका कारण संस्थामा कार्यरत समिति एवम् कर्मचारीहरुले असुरक्षित महसुस गरेको र उक्त कार्यमा संलग्न व्यक्तिहरुलाई प्रचलित कानुनी व्यवस्था अनुसार कार्वाही र संस्थाको कार्यसञ्चालनका क्रममा शान्ति सुरक्षाको आवश्यक व्यवस्थापनका लागि ज्ञापनपत्रमार्फत प्रहरी प्रशासनसमक्ष अनुरोध गरिएको छ ।

सोमबार संस्थाका अध्यक्ष ठाकुरप्रसाद सिवाकोटी, संस्थापक अध्यक्ष रामचन्द्र उप्रेती, प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेती लगायत स्थानीय समिति पदाधिकारी तथा कर्मचारीको संयुक्त टोलीले ज्ञापनपत्र बुझाउँदै संस्थाले बचत तथा ऋण व्यवसायअन्तर्गत सदस्यहरुको सानोतिनो बचत संकलन गरी सदस्यहरुलाई नै कर्जा उपलब्ध गराउँदै आएकोमा विगतको कोभिड १९ को विश्वव्यापी प्रभाव, त्यसपछिको आर्थिक मन्दीजस्ता कारणले कतिपय सदस्यलाई कर्जा बुझाउन समस्या समेत परेको हुनाले सदस्यको यो अप्ठ्यारोलाई महसुस गर्दै सदस्यले बुझाउनु पर्ने हर्जानामा ५० प्रतिशतसम्म र ब्याजमा २५ प्रतिशतसम्म छुटको सुविधासमेत संस्थाले प्रदान गरेको हुँदा सहकारी क्षेत्रको उन्नयनमा यसप्रकारका गतिविधिले अवरोध सिर्जना गर्ने हुँदा सोतर्फ एनएमसीको विशेष चासो रहेको संस्थाका अध्यक्ष ठाकुरप्रसाद सिवाकोटीले बताए ।सहकारी अभियानमा सधैँ अग्रणी भूमिका निर्वाह गर्दै आएको एनएमसीले सदैव सदस्य तथा समुदायको हितका लागि काम गर्दै आएको हुनाले केही निश्चित झुण्डका कारण सहकारीकै बदनाम गर्ने गरी चालिएको पछिल्ला कदमको भर्त्सना समेत गर्ने अध्यक्ष सिवाकोटीको भनाइ छ । सदस्यलाई प्रवाह गरेको ऋण सदस्यको नै बचत भएकाले सदस्यको बचतको सुरक्षा गर्नु संस्थाको प्रमुख दायित्व रहेको जनाउँदै संस्थापक अध्यक्ष रामचन्द्र उप्रेतीले यसप्रकारका कथित अभियानले सहकारीका सदस्यको हित नगर्ने बताए ।

तीन दशक सहकारी अभियानमार्फत विभिन्न व्यवसायका साथै सामुदायिक गतिविधि सञ्चालन गर्दै आएको एनएमसीलाई राज्यले समेत

❖ बाँकी अन्तिम पृष्ठमा



# शिवसताक्षीमा मलद्वारसम्बन्धी रोगी बढ्दो



शिवसताक्षी(प्रस)। पाइल्स, फिस्टुला र फिसर रोगहरुसँग प्रायः मानिसहरु परिचित छन् । किनकि धेरै मान्छेले आफू स्वयं, परिवारका सदस्य, साथीभाइ वा छर-छिमेकमा कोही न कोही यो रोगबाट आक्रान्त भएको देखेकै हुन्छन् । अझ सहरी परिवेशमा त अहितकर खानपानले यो रोग बढ्दो छ ।

चिकित्सकका अनुसार यी तीनवटै रोग मलद्वारसम्बन्धी रोग हुन् । धेरै मानिस यी सबैलाई पाइल्स भन्दै झुक्किरहेका कारणले यो रोगले भयावह रुप लिन थालेको चिकित्सकले बताएका छन् ।

कब्जियत अर्थात् दिसा कडा हुनु नै यसको मुख्य कारण भएको दुधे आयुर्वेद औषधालयका प्रमुख कविराज राजेन्द्र पोखेलले बताए । उनका अनुसार मलद्वारभित्र र वरिपरि रक्तसिराहरु हुन्छन् । यी रक्तसिराहरु सुन्निने, मासु पलाएझैं ठूलो हुने समस्यालाई अर्स अर्थात् पाइल्स भनिन्छ ।

'यो भित्री र बाहिरी गरी दुई प्रकारको हुन्छ । मलद्वारभित्र हुने अर्समा दिसा कडा हुँदा घाउ भई दुखाइरहित मलद्वारबाट रगत जाने हुन्छ । ठूलो हुँदै जाँदा दिसा बस्दा त्यो मासु बाहिर आउने, सुरुसुरुमा आफैं भित्र जाने, पछिपछि औंलाले धकेल्नुपर्ने वा बाहिर नै बसिराख्ने पनि हुन्छ,'उनले भने ।

भगन्दर अर्थात् फिस्टुला-इन-एनो भनेको दुई मुख भएको बाटो जस्तो हो, जसको भित्री मुख मलद्वारभित्र वा पक्वासयमा हुन्छ भने बाहिरी मुख मलद्वारको बाहिरी भागमा हुने गरेको उनले बताए । 'पटक पटक संक्रमण भई बाहिरी मुखबाट पिप, रगत, दिसा आदि आउने हुन्छ । संक्रमण हुँदा अत्यन्त कष्टकर हुने र पिप निस्किसकेपछि केही दिन आराम हुने हुन्छ ।' तर पछि फेरि संक्रमण भई यो प्रक्रिया लगातार चलिरहने कविराज पोखेलले बताए ।

शिवसताक्षीमा पनि यस्तो प्रकृतिको रोगको समस्या दिनहुँ बढ्दो छ । स्थानीय ११ नम्बर वडा कार्यालय र दुधे आयुर्वेदिक औषधालयको संयुक्त आयोजनामा भएको एक दिने स्वास्थ्य शिविरमा १०५ जना पाइल्स, फिस्टुला र फिसर रोगका विरामी फेला परे ।

तीमध्ये ४० प्रतिशतको शल्यक्रिया गरेर उपचार गराउनु पर्ने देखिएको डा. विनोदकुमार यादवले बताए । खानपान र दैनिक व्यायाम गरे पाइल्स, फिस्टुला र फिसर निको हुने उनले जानकारी दिए । शिवसताक्षी नगरपालिकाको आर्थिक सहयोगमा भएको सो शिविरमा ६० हजार बराबरको औषधि पनि निःशुल्क प्रदान गरिएको थियो । झापा निर्वाचन क्षेत्र नम्बर ४ का प्रतिनिधि सभाका सांसद एलपी साँवा लिम्बूको प्रमुख आतिथ्यमा शिविरको उद्घाटन सत्र वडा नम्बर ११ का वडा अध्यक्ष बहादुर आङ्वोको अध्यक्षतामा भएको थियो । सो कार्यक्रममा नगर प्रमुख मेगाहाङ थोप्रा, पूर्व नगर उपप्रमुख भोजकुमारी नेपाल, निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रकाश चौधरीलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको संचालन दुधे आयुर्वेद औषधालयका प्रमुख कविराज राजेन्द्र पोखेलले गरेका थिए ।

## ओलीको ...

विधिबाटै नेतृत्व चयन भएको बताइएको छ ।

**झापामा एमालेका गुटैगुट**

अध्यक्ष ओलीको गृह जिल्ला एमालेभित्र गुटैगुट छन् । एमालेभित्र यसअघि नेता देवेन्द्र दाहाल, रोम ओली र दिपक कार्कीको समर्थनका तीन गुट रहेका भएपनि एक महिनाअघि सकिएको जिल्ला अधिवेशनमा दुई गुट अन्तिम सम्म देखिएको थियो । पालिकास्तरको अधिवेशनमा आइपुग्दा यसपटक चार वटासम्म गुट देखिएका छन् । एमालेभित्र पुराना नेताहरु पाखा लाग्दै गएको देखिन्छ भने आर्थिक चलखेल गर्न सक्ने खालका र नवप्रवेशीहरुले भागवण्डाका नाममा र अधिवेशनबाटै पनि निर्वाचित भएर आफ्नो वर्चश्व राख्दै गएका देखिन्छन् ।

जिल्लामा यसअघिको गुट छिन्नभिन्न हुँदै एउटा गुटको नेतृत्व क्षेत्र नं ४ का प्रतिनिधि सभा सदस्यसमेत रहेका नेता एलपी साँवाले गरेका छन भने अर्को गुटको नेतृत्व दिपक कार्कीले गर्दै पार्टी जिल्ला नेतृत्वका लागि रस्साकस्सी गरेका थिए । साँवाको समर्थन पाएका युवा नेता शिव ढुंगेल अन्तमा आएर अध्यक्षबाट ब्याक हुँदै उपाध्यक्ष बस्न राजी भए र कार्कीसहितको पार्टी मुल नेतृत्वको समर्थन पाएका प्रेम गिरी जिल्ला अध्यक्ष बनेका हुन् । यतिबेला देवेन्द्र दाहाल राष्ट्रिय सभामा संसदीय दलको नेता बनेपछि उनको लाइन भने झापामा कमजोरजस्तै देखिन्छ । झापामा अर्को गुट चलाउने युवा नेता हुन् गोविन्द थापा । यसअघि पार्टीको नगर अधिवेशनमा पराजित भएका थापा केन्द्रमा रहेर ओलीको वरिपरि घुम्दै बसेका कारण केन्द्रीय सदस्य नै मनोनित भए । यसले उनलाई झापामा आफ्नो गुट चलाउन थोरबहुत बल पुग्यो तर, यसपटकको गाउँ नगर अधिवेशनमा थापा पक्षधर उम्मेद्वारहरु धमामध कार्यकर्ता पंक्तिबाट अनुमोदित हुन नसकी पाखा लाग्दै गएको एमाले वृत्तमा चर्चा छ ।

## एनएमसीले...

पुरस्कृत गर्दै आएको र आफ्ना सदस्यको हितअनुरुप काम गरेका कारण सदस्यले एनएमसी रोज्ने गरेकाले अभियानका नाममा सदस्यलाई उकास्ने अनि समिति तथा पदाधिकारीलाई धम्क्याउने काम बन्द गर्न गर्नुपर्ने एनएमसीका प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेतीको भनाइ छ । एनएमसीमा हाल १ लाख ६५ हजारभन्दा बढी सदस्य आबद्ध रहेका छन् भने संस्थाको कार्यक्षेत्र झापा, मोरङ र इलाम जिल्ला रहेको छ । संस्थाले हाल बचत तथा ऋण व्यवसाय, डेरी उद्योग, एग्रो फार्म, सहकारी पसल मार्ट र चिया उद्योगलगायतका व्यवसाय सञ्चालन गरिरहेको छ । संस्थामा प्रत्यक्ष रोजगारीमा १ हजार १४७ जना कर्मचारी कार्यरत रहेका छन् ।


## तातो हावा 'लु' बाट जोगिने उपाय

- सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चिसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरा सेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने,

नेपाल सरकार
विज्ञापन बोर्ड


# सबैभन्दा बढी बेरुजु बिर्तामोडमा



बिर्तामोड(प्रस) । झापाका १५ पालिकामध्ये सबैभन्दा बढी बेरुजु बिर्तामोडमा भएको पाइएको छ । महालेखा परीक्षणको ६१ औँ वार्षिक प्रतिवेदन २०८१ अनुसार बिर्तामोडमा सबैभन्दा बढी बेरुजु रहेको पाइएको हो ।

आइतबार महालेखा परीक्षकको कार्यालयले ६१औँ बार्षिक प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेललाई हस्तान्तरण गरेको छ । महालेखा परीक्षक तोयम रायाले प्रतिवेदन हस्तान्तरण गरेका हुन् ।

महालेखा परीक्षणको प्रतिवेदन अनुसार बिर्तामोड नगरपालिकामा सबैभन्दा बढी ४.५४ प्रतिशत बेरुजु रहेको पाइएको हो । मेचीनगर नगरपालिकाबाहेक अन्य १४ पालिकाको सार्वजनिक प्रतिवेदनमा कनकाई नगरपालिका र अर्जुनधारा नगरपालिका बढी बेरुजु भएको दोस्रो र तेस्रो पालिकाको सूचीमा रहेका छन् । कनकाईको ३.९१ र अर्जुनधाराको ३.५५ प्रतिशत बेरुजु रहेको छ ।सबैभन्दा कम झापा गाउँपालिकामा ०.५७ प्रतिशत बेरुजु रहेको महालेखा परीक्षकको कार्यालयले जनाएको छ । शिवसताक्षी नगरपालिकाको ३.१६ , कचनकवल गाउँपालिकाको २.८९ , बुद्धशान्ति गाउँपालिकाको २.७९ , दमक नगरपालिकाको २.३८ , गौरादह नगरपालिकाको २.३० , कमल गाउँपालिकाको २.२८ , गौरीगञ्ज गाउँपालिकाको १.९० , हल्दिवारी गाउँपालिकाको १.१८ , भद्रपुर नगरपालिकाको ०.९४ र बाह्रदशी गाउँपालिकाको ०.७४ प्रतिशत रहेको छ । महालेखा परीक्षकको कार्यालयले देशभरिका ७५३ पालिकामध्ये ७४८ वटाको प्रतिवेदन सार्वजनिक गरेको छ ।

# इलाम जिल्ला लिगमा देउराली र रेडहर्सको जित



इलाम(प्रस) । एन्फा इलाम जिल्ला लिगमा देउराली स्पोर्टिङ क्लब र रेडहर्स फुटबल क्लबले जित निकालेका छन् । ठुलो टुँडिखेलमा भएको प्रतियोगिताको उद्घाटन खेलमा देउरालीले हेल्लो जस्बिरे क्लबमाथि ३-१ गोल अन्तरको जित निकालेको हो । देउरालीको जितमा बिनोद धमलाले २ र सुमन धमलाले १ गोल गरे । जस्बिरेका मन मगरले १ गोल फर्काए । सुमनले २४ औ मिनेटमा अग्रता दिलाए । दोस्रो हाफको बिनोदले ६ र २६ औं मिनेटमा गोल गरे । मनले दोस्रो हाफको अन्तिम मिनेटमा सान्त्वना गोल गरे । जितसंगै देउरालीले ३ अंक बटुलेको छ । दोस्रो खेलमा रेडहर्सले क्लब ओएसिसलाई ४-२ गोल अन्तरले पराजित गरेको छ । सुरुवाती अग्रता जोगाउन नसक्दा ओएसिसले ३ अंक जोगाउन सकेन । खेलको ७ औ मिनेटमा निग्मा गुरुङले ओएसिसलाई सुरुवाती अग्रता दिलाए । १३ औ मिनेटमा पाल्देन तामाङले खेल बराबरीमा ल्याए । पेनाल्टीमार्फत गोल गर्दै उनले खेल बराबरीमा ल्याएका हुन् ।

२३ औ मिनेटमा साङ्गे शेर्पाले रेडहर्सलाई अग्रता दिलाए । २७ औ मिनेटमा साङ्गेले व्यक्तिगत दोस्रो गोल गरे । २९ औ मिनेटमा दिपेश राईले गोल गर्दै खेल ४-१ को अवस्थामा पुऱ्याए । निग्माले दोस्रो हाफको १८ औ मिनेटमा व्यक्तिगत गोल गरेपनि जितका लागि पर्याप्त भएन् । प्रतियोगिताअन्तर्गत मंगलबार माईभ्याली फुटबल क्लब र हेलिबोध एफसी भिड्नेछन् ।


असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

## कर्जा बुझाउने सम्बन्धी ३५ दिने सूचना !

प्रथम पटक प्रकाशित मिति : २०81/2/15

यस संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयसम्म नबुझाएको र ऋण रकमको बुझाउने अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दासमेत हालसम्म ऋणीले तिर्न बुझाउनु पर्ने रकम फरफारक नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन अन्तिम पटक यो ३५ दिने म्यादसहितको सूचना जारी गरिएको छ । अतः यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्रमा आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणीको ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीको प्रकृया सहकारी ऐन २०७४, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, संस्थाको स्वीकृत विनियम २०५०( पुनर्लेखन २०७७) र कर्जा सम्बन्धी आन्तरिक कार्यविधि २०७१ (संशोधन २०८०)समेतका आधारमा अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

भाखा नाघेको ऋणीहरुको नामावली

| क्र.स. | C)fLsf]gfd y< | &]ufgf | afaÚsf]gfd | afhḝsf]gfd | kIt÷kTgL | sfof{no | hUufwgLsf]gfd | hUufwgLsf]afaÚsf] gfd |
|---|---|---|---|---|---|---|---|---|
| 1 | सुमन राय | भद्रपुर ८ | राजेन्द्र राय | जदुनन्दन राय | सुरेश कुमार राय गुवाल | चन्द्रगढी | सुरेश कुमार राय गुवाल | दुखा राउत अमात |
| 2 | लक्ष्मीप्रसाद ढकाल | हल्दीबारी ४ | ढुण्डीराज ढकाल | | राधा ढकाल | चन्द्रगढी | ढुण्डीराज ढकाल | कृती प्रसाद ढकाल |
| 3 | अम्बरबहादुर कार्की | बिर्तामोड ८ | मान बहादुर कार्की | हस्त बहादुर कार्की | मन्जु कुमारी राजवंशी | चन्द्रगढी | जानुका देवी कार्की/आमा छोरा | नैन बहादुर कार्की |
| 4 | बिष्णुप्रसाद सिग्देल | हल्दीबारी १ | गोपिकृष्ण सिग्देल | डिल्लीराम सिग्देल | | चन्द्रगढी | बिष्णु प्रसाद सिग्देल | गोपिकृष्ण सिग्देल |
| 5 | ज्योती आङदाम्वे | मेचिनगर ८ | धन बहादुर आङदाम्वे | मरिचमान आङदाम्वे | बाबा लिम्बु | चन्द्रगढी | करमती लिम्बु/आमा | मनविर लिम्बु |
| 6 | सम्झना गुरुङ | अर्जुनधारा ५ | भनु गुरुङ | टिक बहादुर गुरुङ | सागर हमाल | चन्द्रगढी | सम्झना गुरुङ | भनु गुरुङ |
| 7 | ईश्वरी श्रेष्ठ | दमक १५ | ईन्द्र कुमार श्रेष्ठ | नन्दलाल श्रेष्ठ | पथर बहादुर राना राई | चन्द्रगढी | ईश्वरी श्रेष्ठ | ईन्द्र कुमार श्रेष्ठ |
| 8 | प्रमोद राई | कमल ५ | जसमान राई | मन बहादुर राई | सुजा राई | चन्द्रगढी | प्रमोद राई | जसमान राई |
| 9 | कृष्णप्रसाद बनिया | हल्दीबारी ३ | रामलाल बानिया | गंगालाल बानिया | सरस्वती बानिया | चन्द्रगढी | कृष्ण प्रसाद बानिया | रामलाल बानिया |
| 10 | सागर हमाल | भद्रपुर १ | महेश्वर बहादुर हमाल | मितप्रसाद उपाध्याय | सम्झना गुरुङ्ग | चन्द्रगढी | सम्झना गुरुङ | भनु गुरुङ |
| 11 | धन बहादुर विश्वकर्मा | भद्रपुर ९ | गर्भ लाल विश्वकर्मा | दल बहादुर विश्वकर्मा | लिला विश्वकर्मा | चन्द्रगढी | धन बहादुर विश्वकर्मा | गर्भ लाल विश्वकर्मा |
| 12 | टिमलाल राजबंशी | बाह्रदशी १ | सुरन राजबंशी | हरिमाया राजबंशी | एन्जल राजबंशी | राजगढ | एन्जल राजबंशी | पारस कुमार राई |
| 13 | राजेश शाह | बाह्रदशी ४ | त्रिवेणी शाह | पन्चु शाह | अघनु शाह | राजगढ | त्रिवेणी शाह | अघनु शाह |
| 14 | बचनलाल शाह | बाह्रदशी ४ | शिवजी शाह | बुधन शाह | रामदुलारी शाह | राजगढ | बचनलाल शाह , रामदुलारी शाह | बुधन शाह राजेन्द्र शाह हलुवाई |
| 15 | तोयानाथ अधिकारी | भद्रपुर ०२ | मनरथ अधिकारी | श्री बिलास अधिकारी | कमला देवी अधिकारी | सगरमाथा | तोयानाथ अधिकारी | मनरथ अधिकारी |
| 16 | bn axfbÚ >]& | ebkÚ - 5 | xs{axfbÚ >]& | <Tg axfbÚ >]& | lnnf sÚdf<L df:s] | भद्रपुर | bn axfbÚ >]& ÷ cfk} | xs{axfbÚ >]& |
| 17 | df] hfsL< <xdfg | ebkÚ - 5 | dlhah <xdfg | df] ugL | cGhd <xdfg cf<f | भद्रपुर | cGhd <xdfg cf<f />Ldt L | kmtd dxdb ldof |
| 18 | ;>L klkf sÚdf<L <f0{ | ebkÚ - 6 | sh axfbÚ <f0{ | k[jL jxfbÚ <f0{ | ?kz >]& | भद्रपुर | ;>L klkf sÚdf<L <f0{÷ cfk} | sh axfbÚ<f0{ |
| 19 | >Lk|;fb dfeL | ebkÚ - 4 | pQd nfn dfeL | ld&f nfn dfeL | c?)ff <राजवंशी | भद्रपुर | >Lk|;fb dfeL÷ cfk} | pQd nfn dfeL |
| 20 | ;fsL< zÌv | ebkÚ - 6 | csa< zÌv | p;dfg zÌv | अंगुरी शेख | भद्रपुर | ;fsL< zÌv ÷ cfk} | csa< zÌv |
| 21 | Uff]aGb nfn >]& | ebkÚ - 5 | xs{axfbÚ >]& | <Tg axfbÚ >]& | <flwsf >]& | भद्रपुर | Uff]aGb nfn >]& ÷ cfk} | xs{axfbÚ >]& |
| 22 | लालमाया विश्वकर्मा | ebkÚ - 3 | bh]axfbÚ | lj< axfbÚ ljZjsdf{ | l^sf<fd ljzjsdf{ | भद्रपुर | लालमाया विश्वकर्मा / आफै | bh]axfbÚ |
| | मनु थाम्देन | हल्दिबारी १ | रणवहादुर कुँवर क्षेत्री | पृथ्वीलाल कुँवर | नर वहादुर थाम्देन | गोलधाप | नर वहादुर थाम्देन | मान वहादुर थाम्देन |
| | सोमनाथ बास्कोटा | हल्दिबारी १ | शिवलाल बास्कोटा | नन्दलाल बास्कोटा | भुमाया बास्कोटा | गोलधाप | सोमनाथ बास्कोटा | शिवलाल बास्कोटा |
| | भिम वहादुर मगर | बाह्रदशी ५ | दल वहादुर मगर | गणेशमान मगर | अनिता मगर | गोलधाप | सुकमाया मगर | दल वहादुर मगर |
| | अम्बिका प्रधान खत्री | हल्दिवारी ०३ | रुद्र कुमार प्रधान | नर बहादुर प्रधान | कुशल बहादर खत्री | बडावारी | अम्बिका प्रधान खत्री/ आफैं | रुद्र कुमार प्रधान |
| | प्रमिला मेचे | हल्दिवारी ०४ | बरन्दा मेचे | बान्ठु मेचे | निथुन मेचे | बडावारी | प्रमिला मेचे/ आफैं | बरन्दा मेचे |
| | उदव भेटवाल | हल्दिवारी ०४ | पदम प्रसाद भेटवाल | प्रमानन्द भेटवाल | तनुजा भेटवाल | बडावारी | उद्धव भेटवाल/ आफै | पदम प्रसाद भेटवाल |
| | मन बहादुर तामाङ | कचनकवल २ | राम कुमार तामाङ | पूर्ण बहादुर तामाङ | मनमाया तामाङ | पथरिया | डोलमाया तामाङ | टिका राम तामाङ |
| | सुक माया राई | कचनकवल ४ | सन्त बहादुर गुरुङ | धन राज गुरुङ | पञ्चमान राई | पथरिया | सुक माया राई | सन्त बहादुर गुरुङ |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
**बचत तथा ऋण व्यवसाय उपसमिति**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# लोकतन्त्र आ'को छैन

**सरकारले आज गणतन्त्र दिवस मनाउँदै छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गणतन्त्र दिवस २०८१ मूल समारोह समिति गठन गरेको छ । जनआन्दोलन २०६२-०६३ पछि प्रत्येक जेठ १५ गते गणतन्त्र दिवस मनाइँदै आएको छ ।**

**गणतन्त्र आएसँगै देशको समृद्धि र विकासले फड्को मार्ने नेपाली मात्रको चाहना अझै अधुरो छ । गणतन्त्र स्थापनाको १८ वर्षसम्म पनि देश रुमल्लिएको वास्तविकताले जनतालाई पिरोलेको छ । देशमा राजतन्त्र हटेको १८ वर्ष भयो । आशा गरेजस्तो उपलब्धि अझै हासिल हुन सकेको छैन । यो तीतो यथार्थलाई धेरैले औँल्याउने गरेका छन् । "गणतन्त्र आएपछि देशमा केही हुन्छ कि भन्ने आशा पलाएको थियो तर, करिव दुई दशक दशक बित्यो, हामी मजदूरको अवस्था उस्तै छ," सर्वसाधारण भन्छन्, "प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, संघीयता सबै आयो । हाम्रो अवस्थामा खै कुनै परिवर्तन आएन ।"**

**नेपाली जनताको ठूलो र अथक प्रयासले देशमा गणतन्त्र स्थापना भएको हो । गणतन्त्र संस्थागत गरेर देशलाई आर्थिक समृद्धितर्फ लान सके जनताले साँच्चै परिवर्तनको अनुभूति गर्न पाउने थिए ।**

**विसं २०४६ मा मुलुकमा निरक्कुश पञ्चायत शासन हटाएर प्रजातन्त्र बहाली गर्ने काम भयो । दश वर्ष लामो सशस्त्र द्वन्द्वपछि २०६२-६३ मा भएको आन्दोलनले राजतन्त्र विस्थापन गरेर गणतन्त्र स्थापना गर्यो । यस आन्दोलनमा प्राध्यापक, कर्मचारी, मजदूर सबैले आ-आफ्ना ठाउँबाट योगदान गरे ।**

**विसं २०४६ को आन्दोलनदेखि गणतन्त्र स्थापनाको अभियानसम्म धेरै नेपालीले ज्यान गुमाउनुपर्यो । तर, जुन उद्देश्यले आन्दोलन भयो, जे जस्ता अपेक्षा राखिएका थिए, त्यस अनुरुप उपलब्धि नहुँदा जनता निराश हुनुपरेको छ । त्यही भएर बेला बेला राजतन्त्रको आवाज उठ्ने गरेको छ ।**

**'अझै नि लोकतन्त्र आ'को छैन है, जनताले भने झै भा'को छैन है, निरक्कुश दासत्व हामीलाई चाहिँदैन गणतन्त्र नल्याई त मुक्ति पाइँदैन है' ..........कलाकार बद्री पंगेनीको गीतले भने झै गणतन्त्र आएको लामो समयसम्म नेपाली जनतालाई गणतन्त्रको अनुभूत नहुनु भनेको आन्दोलनले सार्थकता नपाउनु हो ।**






# निर्णय प्रक्रियामा समावेशीकरण



• श्यामप्रसाद मैनाली

लोकतन्त्रमा सबै जनताले शक्तिको प्रयोग र उपयोग गर्न पाउनु पर्छ, थोरैको संख्याले राज गर्ने होइन भनिन्छ । लोकतन्त्रमा पहिचान, वितरणात्मक र सामाजिक न्यायको अनुभूति व्यवहारमै गर्न पाउनु पर्छ । जनतालाई सार्वभौम मानी लोकतान्त्रिक अधिकार प्रदान गर्ने क्रममा आधुनिक विश्वले जनप्रतिनिधिद्वारा लोकतान्त्रिक अभ्यास गरेको छ । फिनल्यान्डले प्रत्यक्ष, समावेशी, डिजिटल, समूहले निर्णय लिने र तरल लोकतन्त्रको अभ्यास सफलतापूर्वक गरिरहेको छ । स्विट्जरल्यान्डलगायत विकसित लोकतान्त्रिक देश यसको प्रयोगमा आकर्षित भइरहेका छन् । धेरै मतदाताले वस्तुगत मूल्याङ्कनका आधारमा निश्चित समयका लागि निर्वाचित गरी पठाए पनि बिचमै थोरै मतदाताले प्रत्याह्वान गरेर जनप्रतिनिधिमाथि नियन्त्रण कायम गरी जनताप्रति व्यवहारमै जवाफदेही बनाउँछन् । लोकतन्त्रमा सबै तप्का, वर्ग, जातजाति, सम्प्रदायको पहिचान सुनिश्चित हुनु पर्छ ।

विकासोन्मुख देशका जनताले आफ्ना प्रतिनिधि छान्ने अवसर त पाएका हुन्छन् तर सम्पन्न व्यक्ति नै निर्वाचित हुन पुग्छन् । लोकतन्त्रको दुरुपयोग भइरहेको छ । स्रोतसाधनले राजनीतिमा आधिपत्य जमाएको छ । कमजोर वर्ग रैती बनेका हुन्छन् । राज्य सरकार र यसको संयन्त्र उद्योगी/व्यापारिक घराना र दातृ समूहबाट प्रायः सबैतिर परिचालित भएको पाइन्छ । यी समस्याबाट मुक्ति पाउन समाज र अर्थ व्यवस्थाले प्रदान गरेका अवसरबाट लाभान्वित हुनबाट व्यक्ति वा समूह किन वञ्चित भएका छन् ? लोकतान्त्रिक समाजले यसको पहिचान गरी प्रभावकारी रूपमा उपचार खोज्नु पर्छ । सबैका लागि लोकतन्त्रको आत्मसात् गर्न विकसित देशले चासो राख्ने गरेका छन् ।

संयुक्त राज्य अमेरिकाले सन् १९६० मा लैङ्गिक विभेद र रङ्ग विभेदसम्बन्धी समस्या समाधानको प्रयास गरेको थियो । विकसित देशमा शिक्षा, स्वास्थ्य, रोजगारी, आदिमा समान अवसर प्रदान गर्ने कार्यले प्राथमिकता पाउँछ । सबै प्रकारका न्यायमा समान पहुँच कायम गर्ने, गरिबी निवारण गर्ने, जात धर्म आदिका आधारमा हुँदै आएको विभेद अन्त्य गर्ने, सबैलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने विषयमा सबैलाई समेट्न थालिएको छ ।

आधुनिक विश्व सबैलाई समान अवसर प्रदान गर्ने दिशामा समन्याय र सामाजिक न्यायलाई व्यवहारमा लागु गरी लोकतन्त्रको प्रतिफल सम्पूर्ण जनतामा पुर्‍याउन सङ्कल्पित छ । बहिष्करणमा परेका समूहको पहिचान गरी उनीहरूलाई सम्पन्न जनताको स्तरमा पुर्‍याउन लागिपरेको छ । लोकतन्त्रको व्यावहारिक परिभाषा भनेको कमजोर र पछि परेका वर्गलाई अवसर प्रदान गरी समान गन्तव्य निर्धारण गर्दै सो लक्ष्य प्राप्तिका दिशामा परिचालित हुने भएकाले यसलाई प्राप्त गर्ने माध्यमका रूपमा समावेशीकरण नीतिलाई स्वीकार गरिएको छ ।

समावेशीकरणको नीतिबाट पछि परेका कमजोर वर्गका लागि सबलीकरण, सशक्तीकरण र मूलप्रवाहीकरण गर्ने उद्देश्य राखिएको छ । यसबाट देशका हरेक क्षेत्रका सबै वर्गका जनताको समान सहभागिता सुनिश्चित गरिएको हुन्छ । यसका लागि आरक्षण, सकारात्मक कार्य, सकारात्मक विभेद, मैत्रीपूर्ण नीति तथा कार्यक्रम निर्धारणजस्ता कार्य सञ्चालनमा ल्याइएका छन् । यस अन्तर्गत विश्वका सबै प्रकारका राष्ट्रले राम्रा विश्वविद्यालयमा लक्षित समूहका व्यक्तिलाई छात्रवृत्तिसहितको अध्ययन सुविधा प्रदान गर्ने, निजामती सेवालगायतका सरकारी संयन्त्रमा निश्चित स्थान सुरक्षित गर्ने, राजनीतिमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने जस्ता कार्यक्रम सञ्चालन गर्दै आएका छन् । यी नीतिले अपेक्षित उपलब्धि भने हासिल गर्न सकेको छैन । यसका पछाडि धेरै कारण छन् । यसलाई राजनीतिक रणनीतिका रूपमा पनि हेर्ने गरिएको छ ।

हिन्दुस्तानमा भाजपालाई राजनीतिमा पछि पार्ने उद्देश्यसहित अविकसित क्षेत्र, हरिजन, आदिवासी, मुस्लिम र अन्य पछि परेका ८१ समुदाय पहिचान गरी यस नीतिले समेट्ने प्रयास कांग्रेस आईले गरेको थियो । यसका कमीकमजोरीलाई भाजपाले आलोचना गर्दै जाँदा भाजपाकै एजेन्डामा जनता विश्वस्त हुन पुगे । संयुक्त राज्य अमेरिकालगायतका विकसित देशले अश्वेत नागरिकलाई हार्वर्ड विश्वविद्यालय जस्ता राम्रा संस्थामा छात्रवृत्तिसहित अध्ययन सुविधा प्रदान गर्दा विश्वलाई देखाउने आकर्षक विषय त बन्यो तर अश्वेतहरूको गुणस्तर कमजोर भएकाले यसबाट फाइदा लिन सकेनन् ।

नेपालको सन्दर्भमा हेर्दा पनि यस्तै अवस्था देखिन्छ । उदाहरणका लागि विभिन्न समाजमा रहेका अगुवाले यस अवसरको उपभोग गरी फाइदा उठाइरहेका छन् । विपन्न वर्गलाई सबलीकरण पनि गर्न सकेको छैन । नेपालको निजामती सेवालगायत सम्पूर्ण सरकारी सेवामा निश्चित स्थान लक्षित समूहका लागि छुट्याइएको छ, क्षमता विकासका लागि कुनै कार्यक्रम दिएको छैन । कर्मचारीको गुणस्तर कमजोर बन्दै गएको छ । आरक्षित समूहमा नकारात्मक मनोवैज्ञानिक प्रभाव परेको छ । सार्वजनिक सेवा प्रवाहको अवस्था यी कारणले गर्दा अझै कमजोर बनेको छ ।

समावेशीकरणको मुख्य सिद्धान्त भनेकै सबै नागरिकले प्राप्त गरिराखेका समानताका अधिकारमा समझदारी गरी पछि परेको वर्गलाई सक्षम वर्गले सहयोग गर्नु हो । यसको अवधि किटान हुनु पर्छ । लामो अवधिका लागि कसैले पनि आफ्नो हिस्साबाट योगदान गर्न सक्दैन । नेपालमा सुविधासम्पन्न वर्गको परिभाषामा राखिएका वर्गले नै आरक्षणको माग राख्नुले यसलाई प्रस्ट पारेको छ ।

यस नीतिलाई भ्रमको खेती भन्न थालिएको छ । किनकि यो नीति निश्चित समयसीमाका लागि कार्यान्वयन गर्ने हो, तोकिएको अवधिमा लक्षित वर्गलाई सबल वर्गको समान बनाउने कार्यक्रम दिन सक्नु पर्छ । यस नीतिबाट समाज असन्तुलित अवस्थामा पुग्छ । नेपालको संविधानले नेपालका खस आर्यहरूलाई पनि यस नीतिले समेट्नुपर्ने प्रावधान राख्नुले सुविधासम्पन्न वर्गलाई नै समेट्नुपर्ने भएको छ । यही समूहले योगदान गरिरहेको छ ।

समानता भनेको विश्वव्यापी मानव अधिकार हो । सरकारले जनताको अधिकार कटौती गर्नु हुँदैन । यो नीतिको कार्यान्वयन व्यक्तिको नैतिकता र सोचाइमा भर पर्छ । राज्यले बलपूर्वक लागु गरेमा विद्रोह र द्वन्द्वको अवस्था आउँछ । अवधारणाको आधार नै कमजोर छ किनकि विश्वमा धनी र गरिब देश छन् । सम्पन्न देशका योगदानबाट गरिब र कमजोर देशलाई राहत प्रदान गर्ने गरी समावेशीकरणको नीति आउन सक्नु पर्थ्यो तर यसलाई अमूक देशकै समस्याका रूपमा हेरिएको छ ।

नेपाल भूपरिवेष्टित देशका नाताले नजिकको सामुद्रिक बन्दरगाहसम्म सरल पहुँच कायम हुने अधिकार अन्तर्राष्ट्रिय कानुनले प्रदान गरे पनि हामी पटक पटक नाकाबन्दीको सिकार बनेका छौँ । हामीसँग प्रचुर मात्रामा प्राकृतिक स्रोतसाधन छ । त्यसको उपयोग गराउन अन्तर्राष्ट्रिय जगत्ले सहयोग गर्नु पर्थ्यो तर हामीले यो अवसर प्राप्त गरेको अवस्था छैन । यी प्रतिनिधि उदाहरण हुन् । यस्तै प्रकारका असङ्ख्य समस्या कमजोर देशले सामना गरिरहेका छन् । यसबाट सकारात्मक प्रभाव नपरेको होइन । सामाजिक न्यायका दिशामा देश परिचालित भएको छ । न्याय प्राप्तिबाट द्वन्द्व कम हुन र समाजको तल्लो स्तरलाई गरिने सम्बोधनले सकारात्मक परिणाम दिन थालेको छ । कमजोर वर्गलाई सहयोग गर्न दातृ निकाय आकर्षित भई लगानीमैत्री वातावरण बनाउने हो भने राष्ट्रिय एकता सम्भव हुन थाल्छ ।

विकास सरल, सन्तुलित र सहज बन्न यसले मद्दत गर्छ । सरकारी क्रियाकलापमा जनताको स्वामित्व रहने स्थिति बन्छ । सामाजिक विधि, व्यवहार र संस्कारमा सकारात्मक प्रभाव पर्छ । जनतामा सहयोग र सद्भावनाको विकास भई भावनात्मक परिवर्तन हुन्छ भन्ने विश्वास गरिएको छ ।

नेपालका लक्षित वर्गको विकासका लागि यो नीति अवलम्बन गरिएको हो । यसका पछाडि विभिन्न प्रकारका विभेद कायम हुनु, लामो समयसम्म हिन्दु धर्मको एकछत्र प्रभाव रहनु, सांस्कृतिक विविधतामा आधारित हुनु, आर्थिक सीमान्तीकरणबाट प्रभावित बन्नु, अवसर कम हुनु, प्राकृतिक स्रोतसाधनमा पहुँच कायम गर्न नसक्नु, नीति निर्माण र निर्णय प्रक्रियामा सबै जनतालाई व्यवहारमा सहभागी नगराउनु, अन्तरप्रादेशिक विषमता बढ्दै जानु जस्ता कारणले गर्दा यस नीतिलाई अवलम्बन गर्नु परेको हो ।

यहाँसम्म आइपुग्दा गरिएका विश्लेषणबाट यो नीतिको प्रभावकारी कार्यान्वयनमा दुबिधा उत्पन्न भएको छ । समावेशीकरणको नीतिले समग्र समाजलाई कता लैजाने हो ? यसलाई कसरी उत्पादक बनाउन सकिन्छ ? सोच्नुपर्ने अवस्था छ । यसका लागि केही उपाय अवलम्बन गर्नु पर्छ । सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउँदा विभेदको खाडल क्रमशः कम हुन थाल्छ ।

निर्णय प्रक्रियामा जनताको अर्थपूर्ण सहभागिता जरुरी छ । यसका लागि संरचनात्मक प्रावधान र कानुनी व्यवस्था सबल हुनु पर्छ । विभेदजन्य व्यवहारलाई अन्त्य गर्न कानुनी अभ्यास र तदनुरूपका सम्पूर्ण व्यवस्था हुनु जरुरी छ । सेवा प्रभावित हुने भएकाले क्षमता विकास कार्यक्रम सघन रूपमा सञ्चालन गर्नु पर्छ । कार्यक्रम निश्चित समयभित्र पूरा गर्ने गरी सञ्चालन गर्नु पर्छ। यसका मूल्याङ्कनका आधार वस्तुगत बनाइनु पर्छ। यी सबै कार्यक्रम सञ्चालन गर्न सकारात्मक विभेद, आरक्षण, सकारात्मक कार्य, मैत्रीपूर्ण नीति निर्माण गर्दै सबल एवं व्यावहारिक कार्यक्रम यथाशीघ्र सञ्चालन गर्नु पर्छ । दीर्घकालीन कार्यक्रमका सन्दर्भमा आधारशिलाको विकास गर्ने, गुणस्तरीय शिक्षा र स्वास्थ्य सुविधा प्रदान गर्ने, समग्र आर्थिक विकासका आधार तयार पार्दै कार्यान्वयनमा जाँदा यी समस्याको समाधाननजिक पुग्न सकिन्छ ।

यस सन्दर्भमा केही पेचिला पक्षको सम्बोधन हुनु जरुरी हुन्छ । पहिलो हो, हामीमा केन्द्रमुखी मनोविज्ञान पालेर बसेका अवस्था छ । संघीयता कार्यान्वयन हुँदै गर्दा पनि स्वविवेकीय र केन्द्रमुखी प्रवृत्ति हावी भई देशको सन्तुलित विकासको पक्षलाई गौण मानिएको छ । सात वटा प्रदेशमा सबैभन्दा पछि परेको कर्णाली प्रदेशलाई सबैभन्दा न्यून र कोशी प्रदेशलाई सबैभन्दा ज्यादा स्रोत विनियोजन बजेटमा हुनु यसको ज्वलन्त उदाहरण हो । दोस्रो हो, आधुनिक विश्व उदारीकरण । निजीकरण र खुला प्रतिस्पर्धाबाट सञ्चालित समावेशीकरणको नीतिले विवाद ल्याउँछ, दुईमध्ये कुनै एक मात्र स्वीकार गर्न सकिन्छ । तेस्रो पक्ष हो, लक्षित समूहभित्र आर्थिक अवस्था राम्रो भएका व्यक्ति र सुविधाभोगी वर्गका विपन्न व्यक्तिमध्ये यस नीतिले लक्षित वर्गलाई समेट्ने हुँदा विपन्न वर्ग अन्यायमा परेका छन् । यस्ता गरिबलाई लक्षित समूहको परिभाषाभित्र पार्नु जरुरी हुन्छ । अन्यथा, सामाजिक न्याय र समानताको पक्ष कमजोर बन्छ, समाज द्वन्द्वउन्मुख हुन्छ । हाम्रो समावेशीकरण नीतिले यी पेचिला र महत्वपूर्ण पक्षलाई स्वीकार गरेको छैन, यो अपूर्ण छ अनि आलोचित छ । आगामी दिनमा यी सबै विषयमा नीति निर्माताको ध्यान जानु पर्छ ।

# गुणस्तरीय शिक्षाको मार्ग



• इन्द्रविलास घिमिरे

शिक्षाको माध्यमले नै मानिसलाई सभ्य, सुयोग्य र सक्षम बनाउँछ । शिक्षा पाएका बालबालिका नै सभ्य समाज निर्माणमा अग्रसर हुन्छन् । असल परिवार र असल गुरुबाट शिक्षा प्राप्त गरेका बालबालिकामा अनुकरणीय गुणको विकास हुन्छ । यही गुणले बालबालिकाको बोलीचाली, लवाइखवाइमा सकारात्मक स्वभाव देखा पर्छ । समुदायसँगको व्यवहारमा पनि असल आचरण देखिन्छ । धर्म, संस्कृति र संस्कार कुल र वंशबाट आउँछन् भने सिप र दक्षता जस्ता विषय सिकाइ र अभ्यासबाट प्राप्त हुन्छन् ।

विद्यालयको एउटै कक्षामा अध्ययन गर्ने बालबालिका पनि विभिन्न जात, वंश, कुल, धर्म, संस्कृति, संस्कारबाट आएका हुन्छन् । बालबालिकामा भएका असल गुण अर्कोमा स्थानान्तरण हुन कठिन हुन्छ तर खराब बानी छिटोभन्दा छिटो स्थानान्तरण हुन्छ । त्यसैले बालबालिकामा असभ्य र खराब बानी व्यवहार देखापरेमा यथासक्य छिटो परामर्शद्वारा नियन्त्रण गर्नु पर्छ ।

शिशुको जन्म हुँदा परिवारमा निकै ठुलो खुसियाली छाउँछ । शिशुका मातापिताले भविष्यका लागि विभिन्न योजना बनाउँछन् तर शिशुलाई घरमा र विद्यालयमा दिइने शिक्षाबारे चिन्तन गरिएको पाइँदैन । शिशु हिँड्न, बोल्न सक्ने हुँदा, रङ्गीन, आकर्षक चित्र र ठुला अक्षर भएका पुस्तक, चार्ट, चित्र हेर्न र पढ्न चाहन्छ तर शिशुको मनोभावना बुझ्ने अभिभावक ज्यादै न्यून हुन्छन् । शिशुलाई घरको बैठक कोठामा वा पुस्तकालयमा बालकले मन पराउने पुस्तक सजिलैसँग उपलब्ध हुनु पर्छ । शिशुलाई कोठामा भुल्न र खेल्न जताततै पुस्तकै पुस्तक राखिदिनु पर्छ । बैठक कोठा शिशुले अध्ययन गर्ने कोठा जस्तो हुनु पर्छ । शिशुले मनपराउने नेपाली, अङ्ग्रेजी र गणितका ठुला अक्षरका पुस्तक हुनु पर्छ । अध्ययन गर्ने वातावरण घरमै तयार भएमा अभिभावकका पूर्वयोजनामा सघाउँछ । अन्यथा शिशुका लागि गरिएका योजना योजनामै सीमित रहन सक्छ ।

समुदायका लागि पनि शिशु नयाँ सदस्य हो । शिशु भविष्यमा समुदाय र राज्यको नेतृत्व गर्ने अगुवा हुन सक्छ । सभ्य र शिक्षित समुदाय पाएमा शिशुले असल आचरण सिक्छ तर खराब वातावरण पाएमा उसको आचरण र बानी व्यवहार पनि त्यही किसिमको हुन्छ । भनिन्छ- जस्तो सङ्गत गर्‍यो, त्यस्तै बानी र व्यवहार हुन्छ । त्यसैले शिशुको भविष्य कस्तो बनाउने भन्ने कुरो उसको सङ्गत र वातावरणले निर्धारण गर्छ । शिशुको भविष्य र असल आचरण निर्माणमा उसको सङ्गतले पनि प्रभाव पारेको हुन्छ । त्यसैले अभिभावक र शिक्षकले हरेक छात्रछात्राको निगरानी गर्नु पर्छ । एक जना खराब आचरणको बालकले छोटो समयमा नै धेरै जना बालबालिकालाई यस्तो बानी सिकाउन सक्छ ।

हरेक समुदायमा विद्वान् तथा अग्रज व्यक्तित्व हुन्छन् । बालबालिकाको भविष्य उज्ज्वल बनाउन अग्रजको प्रेरणा मह वपूर्ण हुन्छ । बालबालिकाले सफल व्यक्तित्वको जीवनी अध्ययन गर्दा उनीहरूलाई प्रेरणा प्राप्त हुन्छ । विश्वका चर्चित व्यक्तित्व, शिक्षाविद्, दार्शनिक, आविष्कारक कसरी बन्न सकिन्छ भनेर यस्ता व्यक्तित्वको जीवनी अध्ययन गर्न, उनीहरूको बारेमा जानकारी गराउन वातावरण तयार गर्नु पर्छ । शिक्षाविद्, दार्शनिक, साहित्यकार र आविष्कारकको सङ्घर्षमय जीवनीको अध्ययनबाट प्राप्त प्रेरणाले बालकलाई मार्ग निर्देशन प्राप्त हुन्छ । विश्व प्रसिद्ध व्यक्तित्वहरूको जीवनी अध्ययन गर्ने बानी विकास भएमा बालबालिकाले त्यागी र सङ्घर्षशील व्यक्तित्व निर्माण गर्न सक्छन् ।

शिक्षाका योजना बनाउने योजनाकारले विद्यालयमा अध्ययन गर्ने कलिला बालबालिकाको फोटो सामुन्ने राखी योजना निर्माण गर्नु पर्छ । आजका बालबालिका भोलिका योग्य र दक्ष जनशक्ति हुन् । आजका बालबालिकालाई भविष्यमा प्रतिस्पर्धा गर्न सक्ने योग्य जनशक्ति बनाउने विषयमा राज्यको प्रमुख भूमिका हुन्छ । देशको आवश्यकता बुझेर त्यही किसिमको जनशक्ति उत्पादन गर्न सरकारले त्यही किसिमको पूर्वाधार तथा नीति तयार गर्नु पर्छ ।

शिक्षण संस्थाले विभिन्न क्षेत्रमा दक्ष, विज्ञ र विद्वान् जनशक्ति उत्पादन तयार गर्न सक्छन् । कुशल नेतृत्व गर्ने नेता र प्रशासक आदि बन्छन् । त्यसैले हरेक क्षेत्रको विकास गर्न सर्वप्रथम गुणस्तर शिक्षाको विकास हुनु पर्छ । विद्यालयदेखि विश्वविद्यालयसम्मको शिक्षा नीतिमा भोलिको जनशक्ति कस्तो चाहिन्छ भनेर त्यही अनुसारको नीति तयार गर्नु पर्छ । शिक्षण संस्थामा राजनीतिको रङ पोतिनु हुँदैन । यसको नेतृत्व गर्ने व्यक्ति क्षमताको आधारमा नियुक्त गरिनु पर्छ । नत्र विद्यालयदेखि विश्वविद्यालयसम्मको गुणस्तरमा नकारात्मक प्रभाव पर्छ ।

विद्यालय समुदायको आवश्यकता परिपूर्ति गर्न निर्माण भएको हुन्छ । बालबालिकालाई समुदायको सुन्दर र असल गहना बनाउने हेतुले शिक्षा प्रदान गरिएको हुन्छ । साधारण परिवारका बालबालिकाले पनि शिक्षा प्राप्त गर्न सकून् भन्ने हेतुले प्रत्येक समुदायमा विद्यालय स्थापना गरिएको हुन्छ । असल, क्षमतावान् शिक्षकद्वारा शिक्षण सिकाइ भएको अवस्थामा असल, क्षमतावान् र योग्य नागरिक उत्पादन हुन्छन् । त्यसैले समुदायमा असल, सक्षम, कुशल जनशक्ति उत्पादन गर्ने शिक्षण संस्थाको संरक्षण सबै मिलेर गर्नु पर्छ । शिक्षण संस्थाले असल नतिजा दिन सकेको अवस्थामा त्यो समुदायको विकासमा पनि ठुलो योगदान पुग्छ ।

शिशुको पहिलो पाठशाला घर र समुदाय भने जस्तै दोस्रो पाठशाला विद्यालय हो । बालबालिका शिशु कक्षामा रमाए भने विद्यालय जान रुचाउँछन् । अनि विद्यालयमा रमाए भने नयाँ नयाँ कुरा सिक्न र सिर्जनशील हुन अग्रसर हुन्छन् । त्यसैले पढाउने र सिकाउने कार्यमा बालबालिकालाई कोठामा थुनेर मानसिक दबाब पर्ने खालका क्रियाकलाप गर्नु हुँदैन । नत्र सकारात्मक नतिजा प्राप्त गर्न सकिँदैन । शिशु कक्षामा शिक्षण गर्ने कतिपय शिक्षकले तालिम लिने अवसर पनि पाएका छैनन् । तालिम लिने अवसर पाएका कतिपयले बालबालिकाको मनोभावना र स्वभावलाई बुझेर शिक्षण सिकाइ क्रियाकलाप अगाडि बढाएको पाइँदैन । शिशुको पारिवारिक अवस्था र उसका बानी, व्यवहारलाई बुझेर शिक्षण सिकाइ क्रियाकलाप अगाडि बढाउनु पर्छ । नत्र विद्यार्थीले बिचमै विद्यालय छाड्न पनि सक्छन् । त्यसका लागि शिक्षक र अभिभावक संवेदनशील हुनु पर्छ ।

गुणस्तरीय शिक्षाका लागि यस्ता उपाय अपनाउन सकिन्छ- विद्यालयमा शिक्षण गर्ने प्रत्येक तहका शिक्षकलाई नयाँ पाठ्यक्रम अनुसारको पुनर्ताजगी तालिम दिनु पर्छ । आधारभूत र माध्यमिक तहमा शिक्षण गर्ने शिक्षकलाई प्रत्येक विषयमा विषयगत समूह निर्माण गरी पाठ्यक्रम र पाठ्यपुस्तकबिचको सम्बन्धमा विस्तृत अध्ययन गरी शिक्षण सिकाइमा देखिएका समस्यामा विज्ञ समूहबिच छलफल गरी समाधान खोज्नु पर्छ । आधारभूत तहमा लागु भएको स्थानीय पाठ्यक्रममा र पाठ्यपुस्तकमा समावेश भएका विषय शिक्षण गर्न अपनाउनु पर्ने रणनीतिका विषयमा विज्ञ समूहका बिचमा व्यापक छलफल गरी शिक्षण रणनीति र मूल्याङ्कन गर्ने प्रक्रिया तयार गर्नु पर्छ । माध्यमिक तहका विद्यार्थीलाई सभ्य र सुसंस्कृत बानीको विकासका लागि विद्यार्थीलाई कक्षा शिक्षक, प्रधानाध्यापक र विज्ञ समूहद्वारा समय समयमा परामर्शको व्यवस्था मिलाउनु पर्छ । विद्यार्थीलाई सिकाइमा सक्रिय र अग्रसर गराउन शिक्षकद्वारा कक्षाकार्य र परियोजना कार्यमा निरन्तर दिन जोड दिने र उक्त कार्यलाई नै विद्यार्थी मूल्याङ्कनको एउटा आधार बनाउनु पर्छ । शिक्षकको अनुपस्थितिमा वा अन्य कुनै कारणबाट कक्षामा शिक्षक नभएको बेला पुस्कालयमा बसेर लेख्ने, पढ्ने बानीको विकास विद्यार्थीमा गराउनु पर्छ । प्रत्येक तहका शिक्षकलाई विद्यार्थीको अभिलेख राखी मूल्याङ्कन गर्ने परिपाटीको विकास गर्नु पर्छ । प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीबिचमा विद्यार्थीको सिकाइ उपलब्धिको विषयमा समय समयमा छलफल गरी समस्या भएमा समाधान खोज्नु पर्छ ।

# दुध उत्पादन घट्यो

झापा(प्रस) । कृषिप्रधान देश नेपालमा पछिल्ला दिनमा दुध उत्पादन घटेको प्रतिवेदन सार्वजनिक भएको छ ।
अर्थ मन्त्रालयले आइतबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८०/८१ को आठ महिनाको प्रतिवेदनमा गत आव २०७९/८० को आठ महिनाको तुलनामा यो वर्ष दुध उत्पादन घटेको सार्वजनिक गरेको हो ।

सर्वेक्षण प्रतिवेदन अनुसार चालु आवको आठ महिनामा १७ लाख ४२ हजार ५६२ मेट्रिक टन दुध उत्पादन भएको छ । गत आवको सो अवधिमा भने १७ लाख ७० हजार ९२७ मेट्रिक टन उत्पादन भएको थियो । यो तथ्याङ्क हेर्दा गत वर्षभन्दा यो वर्ष दुध उत्पादन घट्ने अनुमान गर्न सकिन्छ ।

त्यसो त सरकारले हरेक वर्ष २६ लाख मेट्रिक टन बढी दुध उत्पादन हुने अनुमान गर्दै आएको छ । हाल आठ महिनासम्म उत्पादन भएको अवस्था हेर्दा अनुमानित संख्यामा पुग्न सक्ने अवस्था भने देखिँदैन । कृषि तथा पशुपन्छी मन्त्रालयले भने दुध बढी उत्पादन हुने सिजन सुरु भएकाले बाँकी चार महिनामा अनुमानित संख्याको उत्पादन हुने दाबी गरेको छ । मन्त्रालयका प्रवक्ता डा. चन्द्र ढकालले चालु आवको चार महिना बाँकी रहेको र आठ महिनाको प्रतिवेदनलाई आधार मान्दा अनुमानको नजिक पुग्ने अपेक्षा गरेको जानकारी दिए ।

गत आव २०७९/८० मा पनि कृषि मन्त्रालयले २६ लाख मेट्रिक टन दुध उत्पादन हुने अनुमान गरिएकोमा १७ लाख ७० हजार ९२७ मेट्रिक टन मात्रै उत्पादन भएको थियो । नेपाल दुग्ध विकास बोर्डका पूर्वनिर्देशक एवं पशुविज्ञ डा. राजेन्द्र यादवले छ महिनाअगाडि 'लम्पी स्किन' रोगका कारण धेरै गाईभैंसीको क्षति भएकाले पनि यो वर्ष दुध उत्पादन अझै घट्ने देखिएको बताए । उनका अनुसार दुध उत्पादन घट्नुमा दुध उत्पादक किसानले बेलामा भुक्तानी नपाउनु उपभोक्ताको आयआर्जन घट्नुलगायत रहेका छन् ।

# स्वास्थ्य संस्थामा अत्यावश्यक औषधी मौज्दात शून्य



झापा(प्रस) । सरकारले निःशुल्क प्रदान गर्दै आएको अत्यावश्यक औषधीको मौज्दात नहुँदा निःशुल्क औषधी वितरणसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन हुन नसकेको देखिएको छ ।
महालेखा परीक्षणको ६१ औँ वार्षिक प्रतिवेदन २०८१ ले सरकारले निःशुल्क प्रदान गर्दै आएको अत्यावश्यक औषधी स्वास्थ्य संस्थामा मौज्दात नहुँदा निःशुल्क औषधी वितरणसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन नभएको देखाएको हो ।
स्वास्थ्य सेवा विभागले प्रयोगमा ल्याएको सफ्टवेयरमार्फत परीक्षण गर्दा यस्तो देखिएको प्रतिवेदनले उल्लेख गरेको छ ।
प्रतिवेदन अनुसार निःशुल्क वितरण हुने औषधीमध्ये केही औषधीको स्वास्थ्य संस्थामा रहेको मौज्दात निरीक्षण गर्दा २६४ संस्थामा सिटामोल, ३५३ संस्थामा अबलेण्डाजोल, ७१६ संस्थामा भिटामिन ए क्याप्सुल, ७२१ संस्थामा एमोक्सोसिलिन, ५३४ संस्थामा नाभी मलम र ३८० संस्थामा जीवनजलको मौज्दात शून्य रहेको पाइएको छ ।
सरकारको नीति कार्यान्वयन गर्न आवश्यक औषधी नियमित रुपमा आपूर्ति हुने व्यवस्था गरी सोको अनुगमन गर्न महालेखा परीक्षण निर्देशन दिएको छ ।

सरकारले आधारभूत स्वास्थ्य सेवाअन्तर्गत ९८ प्रकारका औषधी निःशुल्क उपलब्ध गराउँदै आएको छ । हाल सरकारी अस्पताल २०१, प्राथमिक स्वास्थ्य केन्द्र १८९, हेल्थपोष्ट तीन हजार ७९४ समेत चार हजार १८४ स्वास्थ्य संस्था रहेका छन् ।

ती स्वास्थ्य संस्थामार्फत सरकारले स्वास्थ्यसम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दै आएको र निःशुल्क उपलब्ध गराउने औषधी यीनै स्वास्थ्य संस्थामार्फत वितरण हुने गरेको छ ।
निःशुल्क वितरण गरिने औषधीहरु प्रदेश, स्थानीय तह र संघीय तीनवटै सरकारमार्फत खरिद गरी वितरण हुने गरेको छ ।

# भद्रपुरमा लागूपदार्थविरुद्ध सचेतना कार्यक्रम




झापा(प्रस)।सुनौलो भविष्यको कामना, नशामुक्त समाज हाम्रो चाहना भन्ने उद्देश्यका साथ भद्रपुरमा लागूपदार्थविरुद्ध सचेतना कार्यक्रम सम्पन्न भएको छ ।
नवयात्रा पुनर्स्थापना केन्द्र मेचीनगरको आयोजना तथा भद्रपुर नगरपालिकाको सहकार्यमा भएको सचेतना कार्यक्रममा साबिक पृथ्वीनगर गाविस हाल भद्रपुर-२ का लागूऔषधको कुलतमा फसेका युवाहरूलाई त्यसबाट मुक्त गराउन सचेतना दिइएको थियो ।
पछिल्लो समयमा लागूऔषध सेवनकर्ताको अवस्था जिल्लामा भयावह बन्दै गइरहेकोले त्यसको न्यूनीकरण, रोकथाम तथा नियन्त्रणका लागि सीमावर्ती बासिन्दालाई लक्षित गरी नशामुक्त नगर बनाउन नगरपालिकाले यस्तो अभियानको थालनी गरेको नगर प्रमुख गणेश पोखेलले बताए । नगर क्षेत्रमा लागूऔषधको दुर्व्यसन र ओसारपसारमा फसेका युवाहरूको पहिचान गरी यसरी नै नगरभरि सचेतना मूलक कार्यक्रम सञ्चालन गर्दै लैजाने उनले बताए ।
कार्यक्रममा सहभागीहरूलाई २५ जना सेवनकर्तालाई नवयात्रा पुनर्स्थापना केन्द्रका अध्यक्ष भीम लुइँटेल र अर्जुन राईले सहजीकरण गरेका थिए । उनीहरूले लागूऔषध सेवनबाट हुने बेफाइदा, यसले घर तथा समाजमा पार्ने असर, यसबाट मुक्त हुने उपायका बारेमा जानकारी गराएका थिए । भद्रपुर २ नम्बर वडा अध्यक्ष राम कँडेलको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

**पृथ्वी सबैको साझा घर हो ।**
**वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं ।**
**मानव हात्ती द्वन्दको अन्त्य गरौं ।**

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरु:

- हात्ती आएको थाहा पाउने बित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्वार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्वार्थको सेवन गरी रातको समयमा हिड्डुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिड्डुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

**थप जानकारीको लागि:**
डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३
रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।

# सामाजिक सुरक्षा भत्ता लिने ३८ लाख



झापा(प्रस) । सामाजिक सुरक्षामा आबद्ध नेपालीको संख्यामा वृद्धि हुँदै गएको छ।
अर्थमन्त्री वर्षमान पुनले आइतबार संघीय संसदका दुवै सदनमा प्रस्तुत गरेको आर्थिक वर्ष २०८०/ ०८१ को आर्थिक सर्वेक्षण अनुसार सामाजिक सुरक्षा भत्ता पाउने नागरिकको संख्यामा पछिल्लो एक वर्षमा ५.५ प्रतिशतले वृद्धि भएको छ।
गत फागुनसम्म सो संख्या ३८ लाख २७७ पुगेको थियो। गत वर्ष सामाजिक सुरक्षामा आबद्धको संख्या ३७ लाख ६ हजार ३२७ थियो। ७० वर्ष नाघेका ज्येष्ठ नागरिकको संख्या १६ लाख २२ हजार ५१६ छ।
६० वर्ष नाघेका दलित १ लाख ५८ हजार २६१, ६० वर्ष कटेका एकल महिला ज्येष्ठ नागरिक १ लाख ९८ हजार २७०, एकल महिला ५ लाख ७६ हजर ५५३, पूर्ण अपांगता भएका ६६ हजार ४५२, अति अशक्त अपांगता भएका १ लाख ४२ हजार १८५, तोकिएको क्षेत्रका बालबालिका ७ लाख ६१ हजार ९३, दलित बालबालिका ३ लाख ४२ हजार १७६, लोपोन्मुख जाति २२ हजार २४७, ६० वर्ष कटेका ज्येष्ठ नागरिक क्षेत्र तोकिएका १६ हजार ८४४ छन्।
हरेक वर्ष राज्यले सामाजिक सुरक्षा भत्तामा खर्च गर्ने रकमको आकार बढ्दै गएको छ।चालु आर्थिक वर्षमा संघीय सरकारले सामाजिक सुरक्षातर्फ २ खर्ब ९८ अर्ब ५७ करोड १९ लाख विनियोजन गरेको थियो।
सामाजिक सुरक्षामा सरकारले छुट्याएको रकम कूल बजेटको १४. ७८ प्रतिशत, चालु बजेटको २२. ६७ प्रतिशत र कूल ग्राहस्थ उत्पादनको ५.५४ प्रतिशत हो।

१० वर्षअघि आर्थिक वर्ष ०७०/०७१ मा कूल बजेटको ८.१७ प्रतिशत मात्र सामाजिक सुरक्षा शीर्षकमा खर्च भएको थियो।

# 'बाटो' को ट्रेलर सार्वजनिक



झापा(प्रस) । नेपाली, अंग्रेजी, तामिल र हिन्दी भाषामा निर्माण भएको चलचित्र 'बाटो : रोड टु डेथ' को ट्रेलर सार्वजनिक भएको छ । काठमाडौँ फिल्म्सको ब्यानरमा निर्माण भएको चलचित्रमा मदन थापाको लेखन तथा निर्देशन रहेको छ । दुई मिनेट ३४ सेकेन्डको ट्रेलर थ्रिलर शैलीको छ । ट्रेलरमा जङ्गलमा रहेको बाटोमा गाडीबाट यात्रा गरिरहेका फरक फरक पृष्ठभूमिका पात्रले बेहोरेको समस्यालाई देखाइएको छ । एम्बुलेन्समा सवार भइरहेकी नर्सले अस्पतालको सामग्री हातमा बोक्नै सहयोगको याचना गरिरहेको दृश्य देखाइएको छ । यसबाहेक ट्रेलरमा जङ्गलमा बसेर हिंस्रक गतिविधि गर्ने एक समूहले मानिसलाई कतिसम्म त्रसित र दुःख दिएको छ भन्ने दृश्य देखाइएको छ । चलचित्रमा मिथिला शर्मा, आशान्त शर्मा, सुलक्षण भारती, रक्षा थापा, उत्पल झा, विजय आनन्दलगायतको अभिनय रहेको छ ।

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
सम्पर्क: 9825952680 9816063266 9825952677 9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन **वर्गीकृत विज्ञापन**


**अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा**
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

**सुपर काइनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

**तपाईंकोमा प्रतिदिन आएन ?**
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



**मानव डेन्टल**
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
**स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान**



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।
**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।
**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।
**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।
**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।
**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्
**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।
**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।
**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
**कुम्भ** ठूलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।
**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ